# बबई राजपत्र

बबई गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड :२) बबई, दाङ (संख्या :८ मिति : २०७६/१२/२९**


## भाग-२

## बबई गाउंपालिका

# छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापन निर्देशिका २०७५

प्रस्तावना

बबई गाउँपालिका क्षेत्रभित्रमा छाडा चौपायाहरुबाट कृषकहरुले लगाएका अन्नवाली वर्षेनी नष्ट भै रहने, यातायात अवरुद्ध भै दुर्घटना वढी रहनुका साथै बजार क्षेत्रमा दुर्गन्ध फैलिई वातावरण समेत प्रदुषित हुन गई जनस्वास्थ्य मै असर पर्न गएकाले छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापन गर्न आवश्यक भएकोले स्थानीय सरकार संचालन ऐन२०७४ को दफा १०२ कोउपदफा (२) वमोजिम **बबई गाउँपालिकाको गाउंसभाले मिति २०७५।११।०१ मा स्वीकृत गरी** यो निर्देशिकाबनाई लागु गरेको छ ।

## परिच्छेदः— १

## प्रारम्भ

१) संक्षिप्त नाम र प्रारम्भ ः

(१) यो निर्देशिकाको नाम "छाडाचौपा यानियन्त्रण तथा व्यवस्थापन निर्देशिका २०७५" रहेकोछ।

(२) यो निर्देशिका **पारीत भएको** मिति देखी लागुहुनेछ ।

२) परिभाषा ः

(१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "ऐन" भन्नाले स्थानीय सरका र संचालन ऐन २०७४ लाई संझनु पर्दछ ।

(ख) "गाउँपालिका" भन्नालेबबई गाउँपालिका लाई संझनुपर्दछ ।

द) "आवश्यक कार्यविधि" भन्नाले चौपाया पालन तथा व्यवस्थापन समितिलाई चाहिने आवश्यक कार्यविधि भन्ने जनाउने छ ।

## परिच्छेद—२

## छाडा चौपाया नियन्त्रण अनुगमन तथा समन्वय समिति

३) छाडा चौपाया नियन्त्रण अनुगमन तथा समन्वय समिति देहाय बमोजिमको ११ सदस्यीय समिति रहनेछ ।

१) गाउँपालिका उपाध्यक्ष — संयोजक

२) कार्यपालिकाले तोकेका कार्यपालिकाका सदस्यहरु ४ जना –सदस्य

३) बबई गाउँपालिका कृषि र वन शाखाका अधिकृत वा जेष्ठ कर्मचारीगरि २ जना — सदस्य

४) गाउँपालिका अध्यक्षले तोकेका चौपाया पालन तथा चरन क्षेत्रका वन उपभोक्तासमिति र अन्य क्षेत्रवाट गरि ३ जना (कम्तिमा १ जना महिला सहित)– सदस्य

५) बबई गाउँपालिकाका पशुपंक्षी शाखा प्रमुख —सदस्य सचिव

यस समितिले आवश्यकता अनु सार गाउँपालिकाका पदाधिकारी तथाकर्मचारी र अन्य संघ संस्थालाई आमन्त्रित गर्न सक्नेछ ।

## परिच्छेद—३

## छाडा चौपाया नियन्त्रण अनुगमन तथा समन्वय समितिकाकाम कर्तव्य र अधिकार

४) छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापनका लागि छाडा चौपाया नियन्त्रण अनुगमन तथा समन्वय समितिको काम कर्तव्य र अधिकार

१) समन्वय समितिले विशेष गरि नीतिगत कार्य गर्नेछ । जस अन्तरगत पालन क्षेत्र निर्धारण, आवश्यक परेको मापदण्ड, साझेदारी खोजी रसहकार्य, व्यवस्थापनका लागि आवश्यक अध्ययन र नयां विधिको खोजी र निर्देशनात्मक कार्यहरु निम्न अनुसार रहने छन ।

क) छाडाचौपाया नियन्त्रण अनुगमन तथा समन्वय समितिले गाउँ क्षेत्रभित्र छोडिएका छाडा चौपायाहरुलाई गाउँपालिका क्षेत्रभित्र वा

सम्वद्ध गाउँपालिकाहरु सँग सहकार्य गरि पालन तथा चरन क्षेत्र भनी चौहददी खोली निश्चित क्षेत्र निर्धारण गर्न सक्नेछ ।

ख) छाडा चौपाया नियन्त्रण अनुगमन तथा समन्वय समितिले गाउँपालिकाका क्षेत्र भित्र पालेका घरपालुवा र छाडा चौपायाहरुको तथ्याङ्क (लगत) संकलन गरी अध्यावधिक गर्न वडा समितिहरुलाई आवश्यक निर्देशन जारी गर्न सक्नेछ ।

ग) चौपायाहरुको तथ्याङ्क (लगत) संकलन गरि घरपालुवा जनावरको दर्ता र पहिचानका लागि ट्याग (निश्चित पहिचान चिन्ह) लगाउनेकार्यको व्यवस्थापन गर्ने गराउने छ ।

ङ) छाडा चौपाया नियन्त्रण अनुगमन तथा समन्वय समितिले समय–समयमा छाडा पशुपालन तथा व्यवस्थापन समितिलाई दिएको निर्देशनको पालना गर्नु छाडा पशुपालन तथा व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

च) छाडा चौपाया नियन्त्रण अनुगमन तथा समन्वय समितिले छाडा पशुचौपाया पालनका लागि लाग्ने लागत, पूर्वाधार लगायतका आवश्यकताहरु निश्चित गरि मापदण्ड वनाई तोके अनुसार हुनेछ ।साथै साझेदारीका लागि सोही मापदण्ड अनुसार हुनेछ ।

## परिच्छेद–४

## बैठक सम्वन्धी व्यवस्था

५. छाडा चौपाया नियन्त्रण अनुगमन तथा समन्वय समितिको बैठक देहायबमोजिम हुनेछ ।

क) छाडा चौपाया नियन्त्रण अनुगमन तथा समन्वय समितिको वैठकआवश्यकता अनुसार संयोजकको निर्देशनमा सदस्य सचिवलेवोलाउनु पर्नेछ ।

ख) वैठकको अध्यक्षता संयोजकले र संयोजकको अनुपस्थितिमा समितिका जेष्ठ सदस्यले गर्नेछ ।

ग) वैठकको गणपुरक संख्या ५१ प्रतिशत हुनेछ । गणपुरक संख्या नपुगेमा दोस्रो पटक वोलाइएको वैठकको गणपुरक संख्या २५ प्रतिशत मानिनेछ ।

घ) वैठकमा बहुमतका आधारबाट निर्णय पारित गरिनेछ । मत वरावर भएमा अध्यक्षता गर्नेको मत निर्णायक मानिनेछ ।

ङ) वैठकबाट पारित निर्णयहरुको अभिलेखिकरण सदस्य सचिवले गरि संयोजकबाट प्रमाणित गराई राख्नु पर्नेछ ।

## परिच्छेद—५

## वडा समितिको काम कर्तव्य र अधिकार

६. वडा समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।सम्वन्धित पशुधनीले पशु चौपायाहरुको पालन पोषण तथा व्यवस्थापन गर्ने जिम्मा  गाउँ भित्रका सम्वन्धित पशुचौपाया धनीको हुनेछ ।

क) प्रत्येक वडा समितिले आ आफ्नो वडामा छाडा पशुचौपाया छोड्न नियन्त्रण गर्ने र छोडेको चौपायाहरुको व्यवस्थापन गर्नु मूख्य जिम्मेवारी हुनेछ ।

ख) छाडा पशु चौपायाको व्यवस्थापनका लागि प्रत्येक वडा समितिले आआफनो वडामा गौशाला निर्माणका लागि सार्वजनीक, सरकारीवन, प्रति जमिन, सामुदायिक वन, खोला नदी किनार तटिय क्षेत्र आदिको खोजविन गरि व्यवस्थापन गर्नु पर्नेछ । सो व्यवस्थापन कार्यका लागि स्थानीय सामुदायिक संस्था, क्लव, सहकारी, धार्मिक संस्थाहरु, सामुदायिक वन लगायतका संस्थाहरुलाई जिम्मेवार वनाउनु पर्नेछ ।

घ) समय—समयमा यस निर्देशिका बमोजिम गठित छाडा चौपाया नियन्त्रण अनुगमन तथा समन्वय समितिले दिएको निर्देशनको परिपालना गर्नुवडा समितिको कर्तव्य हुनेछ ।

ङ) वडा समितिले आ—आफ्नो वडामा रहेका घरमा पालिएका चौपायाहरुको यथार्थ लगत अध्यावधिक, जन्म￼मुत्यु दर्ता, खरिद विक्री तथ्यांक सहित अभिलेखिकरण गर्नुपर्नेछ ।

च) आफ्नो वडा क्षेत्रमा चौपायाहरुको यथार्थ लगत संकलन स्वयमं वडासमितिले आवश्यक व्यवस्था मिलाई गर्नु पर्नेछ ।

छ) अध्यावधिक भैसकेका चौपायाहरु एकवडाबाट अर्को वडा वा अन्यत्र विक्री वितरण वा स्थानान्तरण गर्दा अनिवार्य रुपमा वडा समितिबाट सिफारिस गराएर मात्रै गर्नुपर्नेछ ।

ज) वडा समितिले सिफारिस गर्दा न्युनतम सिफारिस दस्तुर निर्धारण गर्न सक्नेछ । न्यूनतम सिफारिस दस्तुर निर्धारण गर्दा सबै वडाहरुमा एक रुपता हुनुपर्नेछ । यसरी संकलित रकम गाउँपालिकाको राजश्वखातामा जम्मा गर्नु पर्नेछ ।

झ) चौपाया एक वडाबाट अर्को वडा वा ठाउँमा विक्री वितरण वा स्थानान्तरण गर्नु पर्ने भएमा वा चौपायाको मृत्यु भएमा सम्वन्धित चौपाया धनीले वडा कार्यालयबाट सिफारिस तथा लगत कट्टी गराउनु पर्नेछ ।

ञ) एक वडा बाट अर्को वडा वा अन्यत्र चौपाया स्थानान्तरण भएको अभिलेखमा जनाई वडा समितिले सिफारिस गर्नु पर्नेछ । साथै अन्यवडा वा ठाउँबाट वडामा स्थानान्तरण भै आएका चौपायाहरुको लगत अध्यावधिक गरि राख्नु पर्नेछ ।

ट) वडा समितिले आवश्यक ठानेमा छाडा पशुपालन तथा व्यवस्थापन समितिको गठन गरि छाडा चौपाया नियन्त्रण तथा पालनको व्यवस्था मिलाउन सक्नेछ ।

## परिच्छेद—६

## छाडा चौपायाको समुदाय स्तरमा व्यवस्थापन

(७) छाडा चौपायाहरुको समुदाय स्तरमा व्यवस्थापन गर्नका लागि निम्नअनुसार गरिनेछ ।

क) गाउँपालिका क्षेत्र भित्रका छाडा चौपायाहरुलाई नियन्त्रणमा लिई नीजि साझेदारीमा व्यवस्थापन गर्नका लागि अनुगमन तथा समन्वय समितिले आवश्यक सुचना र साझेदारीको मापदण्ड वनाई स्थानीय सामुदायिक वन, धार्मिक संस्था, सहकारी, सामुदायिक संस्था, निजी संस्था वा गैर सरकारी संस्थासंग साझेदारी गर्नेछ ।

ख) माथिको ७ (क) अनुसार हुने अवस्था सृजना नभएको हकमा गाउँपालिका आफैले पूर्ण व्यवस्थापन गर्नु परेको हकमा वडा समितिहरुले वडामा रहेका सरकारी पर्ति जग्गा, सरकारी वन, उपयोग गर्न मिल्ने सामुदायिक वन लगायतका क्षेत्र पहिचान गरि स्थान तय गर्ने र स्थानीय स्तरमा एक छाडा पशुपालन तथा व्यवस्थापन समिति गठन गरि आवश्यक लाग्ने खर्च मुल समितिवाट स्विकृति लिई व्यवस्थापन गर्नेछ ।

## परिच्छेद—७

## छाडा चौपाया पालन तथा व्यवस्थापन समितिका कार्यहरु

८) छाडा चौपायाहरुको व्यवस्थापन समितिले निम्न कार्यहरु गर्नेछ ।

क) गाउँ क्षेत्रभित्र बेवारिसे रुपमा छोडिएका चौपायाहरुलाई नियन्त्रणमा लिईएकिकृत तथा ढुवानी मार्फत दफा ४ (क) वा दफा ७ (ख) बमोजिम पालन क्षेत्र भनि छुट्याएको क्षेत्रमा आवश्यक पर्ने घर, टहरा गौशाला, पानी र घेरवारको आवश्यक व्यवस्था गर्नेछ ।

ख) दफा ४(क) बमोजिम चरन क्षेत्र भनि छुट्याएको क्षेत्रमा तारवार, घेरवार गरी पशु आहारका लागि चाहिने आवश्यक घाँस, डाले घाँस, रुख विरुवाहरु लगाई उपभोगको व्यवस्था मिलाउनेछ ।

ग) चरन क्षेत्रमा चरन नभएको, नपुग हुने अवस्था र चरन नहुने मौसमका लागि सुख्खा तथा हरियो घाँस पराल खरिद गर्नु पर्ने भएमा सो पालनागर्ने संस्था व्यक्तिले आवश्यक व्यवस्था मिलाउनेछ ।

घ) छाडा चौपाया पालन तथा व्यवस्थापनका लागि चाहिने आवश्यक जनशक्ति पालन गर्ने संस्था वा व्यक्तिले दुई पक्षीय सम्झौता वमोजिम व्यवस्था मिलाउनेछ । यदि ७ (ख) अनुसार गाउँपालिकाले आफै व्यवस्था गर्नु पर्नेभएमा चाहिने जनशक्ति संख्या करारमा राख्ने व्यवस्था अनुगमन तथा समन्वय समितिको स्विकृतिमा गर्ने र सोको सुविधा समन्वय समितिलेतोके वमोजिम हुनेछ ।

ङ) गाउँपालिका आफैले व्यवस्थापन गर्नु पर्ने अवस्थामा वडा समितिवाट तोकी जिम्मेवारी पाएको सदस्यले सो छाडा पशु चौपायाहरुको रेखदेख रपालन गर्ने जनशक्तिलाई परिचालन गर्नु पर्नेछ ।

च) गाउँपालिका आफै व्यवस्थापन गर्नु पर्ने अवस्थामा गाउँपालिकामा जनशक्ति उपलव्ध भएको अवस्थामा सोही स्तरको उपलव्ध जनशक्तिलाई पनि उपयोग गर्न सक्नेछ ।

छ) पालन क्षेत्रमा पालिएका चौपायाहरु तथा चौपायाहरुबाट उत्पादित चिजवस्तु विक्री वितरण उक्त पशुचौपाया पालन गर्ने संस्था/व्यक्तिले गर्नेछ ।

ज) छाडा पशु चौपायाको व्यवस्थापन गर्न आवश्यक पर्ने गौशाला निर्माणका लागि सार्वजनीक, सरकारी वन, प्रति जमीन, सामुदायिक वन, खोला नदी किनार तटिय क्षेत्र आदि खोजी व्यवस्थापन गर्ने सो हुन नसकेमा जमिन भाडामा लिई समेत व्यवस्थापन गर्नु पर्नेछ ।

## परिच्छेद—८

## व्यवस्थापनका लागि आर्थिक व्यवस्था

९) पशु चौपाया व्यवस्थापनका लागि आर्थिक व्यवस्था र परिचालन निम्नअनुसार हुनेछ ।

क) स्थानीय संस्था/व्यक्तिसंग साझेदारी गरि व्यवस्थापन हुने हकमा सम्झौता वमोजिम हुनेछ ।

ख) गाउँपालिकाले आफ्नै व्यवस्थामा पशुपालन गरि व्यवस्थापन गर्नु पर्ने अवस्थामा छाडा पशुचौपाया व्यवस्थापनका लागि गाउँपालिकावाट रकम विनियोजीत भए वमोजिम तथा कार्यपालिकाले व्यवस्थापन गरे अनुसार हुनेछ ।

ग) गाउँपालिकाले आफ्नै व्यवस्थामा पशुपालन गरि व्यवस्थापन गर्नु पर्ने अवस्थामा छाडा पशुचौपाया पालन गरेको वडा कार्यालयमा वडाको खातामा निकासा दिई सो वडा समितिले संचालन गर्नेछ ।

## परिच्छेद—९

## दण्ड जरिवाना

१०. दण्ड जरिवाना

क) अनधिकृत रुपमा कसैले पनि पशुचौपाया छोडी वा लापरवाही गरी खेतीपाती वा अन्य वालिनाली हानी नोक्सानी गर्न गराउन पाइने छैन ।हानी नोक्सानी गरी गराएको ठहर भएमा क्षतिको एकिन गरि

सम्वन्धित पशुधनीवाट वडा समितिले क्षतिपूर्ति भराई दण्ड सजाय गर्न सक्नेछ ।

ख) चौपाया छोड्ने कार्यलाई नियन्त्रण गर्न पशुधनीहरुलाई आवश्यक कारवाही स्वरुप वडा समितिले दण्डजरिवाना तोक्नेछ । साथै पटक पटक कारवाही गर्दा पनि अटेर गरेमावा तोकेको जरीवाना नवुझाएमा गाउँपालिकावाट पाउने सेवा सुविधा उपलव्ध गराउन गाउँपालिका वाध्य हुने छैन ।

ग) वेवारिसे प्रमाणित भएका चौपायाहरुको व्यवस्थापनको जिम्मा लिएको संस्था, व्यक्ति, समुह, समिति लगायतका संस्थाहरुले व्यवस्थित रुपमा पालन नगरी कुनै कारणले छाडा छोडि वा लापरवाहीले कसैको हानी नोक्सानी भएमा सम्वन्धित जिम्मा लिने पक्षवाट असुल उपर गरिनेछ ।

घ) यस गाउँपालिकासंग सिमामा जोडीएका वा अन्य क्षेत्रवाट कसैले पशुछोडेमा सम्वन्धित गाउँपालिकासंग समन्वय गरि सम्वन्धित पशु धनीवाट असुल उपर गरिने छ ।

ङ) गाउँपालिका क्षेत्रभित्र कसैले छाडा चौपाया छोडेको जानकारी वडा कार्यालय वा गाउँपालिकालाई दिएमा सूचकलाई सूचना बमोजिमको उठेको जरिवानाको २५ प्रतिशत रकम पुरस्कार स्वरुप उपलव्ध गराईनेछ।

च) यस निर्देशिकामा उल्लेख भएकोमा यसै बमोजिम र अन्यमा प्रचलित ऐनकानून बमोजिम हुनेछ ।

## परिच्छेद—१०

## विविध

११. निर्देशिका संसोधन सम्वन्धि व्यवस्था निर्देशिका संशोधन गर्नु पर्ने आवश्यक भएमा छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापन समन्वय समितिले निर्णय गरि  गाउँ कार्यापालिका समक्ष पेश गरेमा गाउँकार्यापालिकाबाट आवश्यक संसोधन हुनेछ ।

१२. सुरक्षा व्यवस्था छाडा पशुचौपाया पालन तथा व्यवस्थापन गर्ने संस्था समिति व्यक्तिले चौपाया पालनमा सुरक्षा व्यवस्थाको आवश्यकता महशुस गरेमा  गाउँपालिकाले चौपाया पालन क्षेत्र रहेको ठाउँको नजिकमा रहेको सुरक्षा निकायसँग समन्वय गरी आवश्यक सुरक्षा व्यवस्था मिलाउन अनुरोध गर्नेछ ।

आज्ञाले,<br>
भीष्म कुमार मल्ल<br>
प्रमुख प्रशासकिय अधिकृत